“हस्तकला नगरीको उत्सब, कला र संस्कृतिको महोत्सव”

ललितपुर महानगरपालिका
वडा नं. १६

Craft & Culture Festival 2019

27th to 31st March 2019 | २०७५ चैत्र १३ देखि १७ सम्म

Ref No:

२०७५-११-२३

**विषय: कला तथा संस्कृति महोत्सव २०७५ को प्रचार प्रसारमा सहयोग बारे।**

**महामहिम राजदुत ज्यू,**
नेपाली राजदुतावास,
**कटार**

उपरोक्त विषयमा विश्व कला परिषदद्वारा ललितपुरलाई विश्वको ३५ औं हस्तकला नगरी घोषणा गरिएको उपलक्ष्यमा ललितपुरलाई हस्तकला नगरीको रूपमा प्रवर्द्धन गर्न तथा स्थानिय हस्तकला व्यवसाय प्रवर्द्धन तथा सम्वर्द्धन गर्ने उद्देश्यले ललितपुर महानगरपालिका वडा नं १६ को संयोजकत्वमा यहि २०७५ चैत्र १३ देखि १७ सम्म ललितपुर महानगरपालिका वडा १६ भित्र पर्ने सबै टोल तथा संघ संस्थाको सहभागितामा कला तथा संस्कृति महोत्सव २०७५ (**Craft & Culture Festival 2019** ) आयोजना गर्न लागेको सहर्स जानकारी गराउन चाहन्छौं ।

ल.पु.म.न.पा वडा नं १६ मा मूलत ललितपुरलाई कला नगरको रूपमा चिन्हाउने तथा युनेस्को विश्व सम्पदामा पर्ने पाटन दरवार क्षेत्र र हिरण्य वर्ण महाविहार (The Golden Temple) को साथै कला र संस्कृतिले धनी अन्य बहाल, बहिल, मन्दिरहरु अवस्थित छन् । साथै यहाँको जनसंख्याको ६० प्रतिशत भन्दा बढिको मुख्य पेशा हस्तकलासँग संबन्धित रहेको अवस्था पनि हो । ललितपुरलाई कला नगरीको रूपमा जोगाउन र चिन्हाउन वडा १६ र स्थानिय वासीको प्रमूख भूमिका रहनुका साथै दायित्व पनि हो । यहि दायित्वको अनुभूति गर्दै वडा नं १६को संयोजकत्वमा वडा बासीहरुले आ-आफ्ना टोलहरुमा उप्तादित हस्तकलाका बस्तुको प्रदशनीका साथै यहाँको मौलिक संस्कृति र अमूर्त सम्पदा झल्किने खालका सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरु आयोजना गर्ने छन् । साथै विभिन्न स्थानहरुमा ललितपुरलाई कला नगरीको रूपमा चिन्हाउने खालका शैक्षिक, चेतनामूलक र सूचनामूलक सामाग्रीहरुको प्रस्तुति पनि गरिने छ । उक्त कार्यक्रममा पाटन क्षेत्रलाई बेलुकाको पर्यटक गन्तव्य बनाउन सहयोग हुने heritage, shopping and dine at Patan in Evening को समेत थालनी र प्रचार प्रसार गरिने जानकारी गराउने चाहन्छौं । साथै यस कार्यक्रमले पर्यटन वर्ष २०२० को समेत प्रचार प्रसार गर्ने र ललितपुरलाई पर्यटन वर्ष २०२० को प्रमूख गंतव्यको रूपमा प्रस्तुत गर्ने लक्ष लिएको छ।

विदेशी पर्यटकहरुमा **Craft & Culture Festival 2019** (उक्त कला तथा संस्कृति महोत्सव २०७५) आयोजना सम्बन्धि जानकारी र महोत्सवको कार्यक्रम बारे प्रचार-प्रसार गरिदिनुहुन ललितपुर महानगरपालिका वडा नं १६ र संपूर्ण ललितपुरवासीको तर्फबाट हार्दिक अनुरोध गर्न चाहन्छु । यहाँको कार्यक्षेत्र भित्र पर्ने सबै पर्यटक व्यवसायहरु र पर्यटकहरुमा यो महोत्सवको बारेमा जानकारी दिन यहाँको वेबसाईट मार्फत प्रचार गरिदिनुहुन हार्दिक अनुरोध गर्न चाहन्छु ।

२०७५।११।२३

वडा नं १६ अध्यक्ष / संयोजक
मूल आयोजक समिती
कला तथा सांस्कृतिक महोत्सव २०७५